# श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.

डिल्लीबजार, गुरुजुको चौर, पो.ब.नं.:- १०७१७, काठमाडौं ।

**फोन:** ४४२२०३८, ४४२६१४६, ४४१५३४४, **फ्याक्स:** ९७७-१-४४२१७७९, E-mail: info@shreefinance.com.np

**शाखा कार्यालयहरु**

**काठमाडौ उपत्यका भित्र :** बुढानिलकण्ठ, इमाडोल, चावहिल

**काठमाडौ उपत्यका बाहिर :** विराटनगर-मोरङ्ग, भैरहवा-रुपन्देही, तौलिहवा-कपिलवस्तु, ओदारी-कपिलवस्तु, रजहर-नवलपरासी पूर्व, डण्डा (कावासोती), हर्कपुर-नवलपरासी पूर्व, श्रीनगर-सल्यान, सोलावाङ्ग-रुकुम (पश्चिम)


## सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) र सूचनाको हकसम्बन्धि नियमावलि, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण (२०७६ पौष मसान्त)

| सि.नं. | विवरण | व्यवस्था |
|---|---|---|
| १ | निकायको स्वरुप र प्रकृती: | कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट "ग" बर्गको ईजाजतपत्रप्राप्त वित्तीय संस्था |
| २ | निकायको काम, कर्तब्य र अधिकार: | बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३, कम्पनी ऐन २०६३ तथा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन अनुसारको काम, कर्तब्य र अधिकार रहेको छ । |
| ३ | निकायमा रहने कर्मचारी संख्या र कार्य बिवरण: | वित्तीय संस्थामा हाल ८२ जना कर्मचारीहरु बिभिन्न पदमा कार्यरत रहेको तथा व्यवस्थापन समुहको नाम र पद संस्थाको बेवसाईटमा रहेको छ । |
| ४ | निकायबाट प्रदान गरिने सेवा: | बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ४९(३)अनुसार "ग" बर्गका ईजाजतपत्रप्राप्त संस्थाले गर्न सक्ने वित्तीय कारोवारहरु । |
| ५ | सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी: | वित्तीय संस्थाको शाखा कार्यलय तथा सोको जिम्मेबार पदाधिकारीहरुको बिवरण संस्थाको बेवसाईट मा रहेको छ । |
| ६ | सेवा प्रदान गर्दा लाग्ने दस्तुर अवधि: | वित्तीय संस्थाले प्रदान गर्ने बिभिन्न सेवाको शुल्क तथा अवधि सञ्चालक समितिले निर्धारण गरे अनुसार संस्थाको बेवसाईटमा राखिएको छ । |
| ७ | निर्णय गर्ने प्रकृया र अधिकारी: | वित्तीय संस्थाको कारोबार सम्बन्धमा बिभिन्न प्रकारका निर्णयहरु बिभिन्न तहका पदाधिकारीहरुले गर्न सक्ने एवं नियमित कार्य संचालन सम्बन्धमा प्रमुख कार्यकारी अधिकृत तथा सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ । |
| ८ | निर्णय उपर उजुरी सुन्ने अधिकारी: | ग्राहकको गुनासो तथा उजुरी सुन्नकालागी केन्द्रीय स्तरमा प्रबन्धक **श्री दुर्गा लम्साल** (फोन नं. ४४२२०३८, ४४२६१४६) रहनु भएको छ । |
| ९ | सम्पादन गरेको कामको बिवरण | वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलि एवं बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ बमोजिम "ग" बर्गका वित्तीय संस्थाले गर्नु पर्ने कार्यहरु । |
| १० | सूचना अधिकारी र प्रमुखको नाम | ग्राहकहरुलाई आवश्यक सूचना प्रदान गर्ने सूचना अधिकारीको रुपमा प्रबन्धक **श्री दुर्गा लम्साल** (durgalamsal@shreefinance.com.np) लाई तोकिएको छ । |
| ११ | ऐन, नियम, बिनियम वा निर्देशिकाको सूचि: | प्रचलित ऐन, नियम, बिनियम तथा निर्देशिका अन्तरगत रहि वित्तीय संस्थाले कामकाज गर्नु पर्ने हुदा देहाय अनुसारका ऐन, नियम, बिनियम तथा निर्देशिका वित्तीय संस्थाको कार्य संचालनकालागी रहि आएका छन ।<br>१ बैंक तथा वित्तीय संस्थासम्बन्धि ऐन, २०७३<br>२ कम्पनी ऐन, २०६३<br>३ नेपाल राष्ट्र बैंक ऐन, २०५८<br>४ बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८<br>५ बैंकिग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६४<br>६ सम्पत्ती शुध्दिकरण (मनि लाउन्डरिंग) निवारण ऐन, २०६४<br>७ धितोपत्र सम्बन्धि ऐन, २०६३<br>८ सुरक्षित कारोबार ऐन, २०६३<br>९ करार ऐन, २०५६<br>१० बिनिमय अधिकारपत्र ऐन, २०३४<br>११ बोनश ऐन, २०३०<br>१२ उपरोक्त ऐन बमोजिमका सम्पूर्ण नियम तथा बिनियमहरु<br>१३ नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्डबाट जारी गरिएका निर्देशिका तथा परिपत्रहरु । |
| १२ | आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धि अद्यावधिक बिवरण: | संस्थाको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धि वित्तीय विवरणहरु त्रयमासिक रुपमा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित हुदै आएको साथै सो विवरण वित्तीय संस्थाको बेवसाईटमा समेत राख्ने गरिएको छ । |
| १३ | तोकिए बमोजिमका अन्य बिवरण: | वित्तीय संस्थाले आवश्यक बमोजिमका विवरणहरु नियमित रुपमा सम्बन्धित निकायमा पेश गरि सार्वजनिक समेत गर्ने गरेको छ । |
| १४ | अघिल्लो आ.ब.मा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको बिवरण: | संस्थालाई प्राप्त ईजाजत अनुसार वित्तीय कारोवार गर्ने भएकोले अन्य कुनै कार्यक्रम वा आयोजना संचालन नगरेको भए पनि सामाजीक उत्तरदायीत्व अन्तरगतका केहि कार्यहरु संचालन गरिएका छन । |
| १५ | सार्वजनिक निकायको बेवसाईट भए सोको बिवरण : | वित्तीय संस्थाको बेवसाईट www.shreefinance.com.np रहेको छ । |
| १६ | सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धि बिवरण: | संस्थाले प्राप्त ईजाजतपत्र अनुसार वित्तीय कारोवार गर्ने भएकोले अन्य कुनै प्रकारको बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता जस्ता कार्यहरु भएको छैन । |
| १७ | सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति बिवरण: | वित्तीय संस्थाले प्राप्त गरेका ईजाजतपत्र अनुसार वित्तीय कारोवार गर्ने भएकोले सोको विवरण संस्थाको बेवसाईटमा राख्ने गरिएको छ । |
| १८ | सार्वजनिक निकायले बर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावलि र त्यस्तो सूचना संरक्षणगर्न तोकिएको समयावधि | नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत नेपाल धितोपत्र बोर्डबाट नियमित रुपमा प्रकाशन गर्न निर्देशन भई आए अनुरुपका वित्तीय विवरण लगायतका सूचना सामग्री राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि वित्तीय संस्थाको बेवसाईटमा समेत राख्ने गरिएको छ । |
| १९ | सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धि निवेदन र सो उपर सूचना दिएको बिवरण: | हाल सम्म नभएको । |
| २० | सार्वजनिक निकायमा सूचना अन्यत्र प्रकाशित भएमा वा हुने गरेको भए सोको बिवरण: | नियमनकारी निकायबाट नियमित रुपमा प्रकाशन गर्न निर्देशन भई आए अनुरुपका सूचना सामग्रीहरु राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि संस्थाको बेवसाईटमा समेत राख्ने गरिएको छ । |